# सिद्धार्थनगर नगरपालिका कार्यालय

## सिद्धार्थनगर, रुपन्देही

प.सं. प्रशासन /०७१/०७२ मिति :– २०७१।५।४
च.नं.

**विषय : निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्था शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७१ साल श्रावण महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७१।४।८ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री टीकादत्त राई ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री टीकादत्त राई | – | प्रमुख/का.अ. सि.न.पा. |

**आमन्त्रीत**

| | | |
|---|---|---|
| श्री शैलेन्द्र प्रसाद श्रेष्ठ | – | ब.ई. सि.न.पा. |
| श्री विवेक कुमार खनाल | – | ब.अ. सि.न.पा. |
| श्री गणेश बहादुर क्षेत्री | – | ब.अ. सि.न.पा. |
| श्री देव प्रसाद ज्ञवाली | – | शाखा अधिकृत |
| श्री श्रीराम गुप्ता | – | अध्यक्ष, कर्मचारी एशोसिएशन |

**निर्णय नं. १(एक)**

सिद्धार्थनगर नगरपालिका अन्तरगत वार्ड नं. २ झण्डीबजार पक्लीहवा जाने बाटोमा आ.ब. २०६९/७० को जगेडा कोष कार्यक्रम अन्तरगत पुल निर्माण कार्यका लागी क्रान्ति निर्माण सेवा वार्ड नं. २ को बोलपत्र स्वीकृत भई मिति २०७०।२।१५ भित्र कार्य सम्पन्न गर्ने गरी २०६९।११।१५ मा सम्झौता भई कार्यादेश



**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

दिएकोमा छिमेकी राष्ट्र भारत स्थित पर्ने बाँधको ढोका समयमा नखोली दिँदा निर्माण स्थलमा पानी जम्न गई तोकिएको समयमा काम सम्पन्न गर्न नसकेको व्यहोरा उल्लेख गरी मिति २०७१।२।१५ सम्मको म्याद थपको लागि मिति २०७०।२।७ मा निवेदन पेश भए अनुसार कार्यालयबाट मिति २०७१।२।१५ सम्मको लागी म्याद थप भएको थियो । निर्माण कार्य भई रहदा भारत तर्फ भएको बाँध समयमा नखोलि दिँदा पानीको कारण निर्माण कार्य गर्न अवरोध सिर्जना भएकोले पुन: दोश्रो पटक मिति २०७१।३।३० सम्म म्याद थपको लागी मिति २०७१।२।१३ मा निवेदन पेश भएको र स्थलगत निरीक्षण गर्दा निर्माण स्थलको अवस्था अनुसार निज निर्माण व्यसायीको माग जायज नै देखिएकोले मिति २०७१।३।३० सम्म जरिवाना नलगाई म्याद थप गरी अन्तिम बिल भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २(दुई)**

सिद्धार्थनगर नगरपालिकाले आ.ब. २०७०/७१ मा सम्पादन गरेका विकास कार्यक्रमहरुको समिक्षा गर्न निम्नानुसार बार्षिक समिक्षा गोष्ठी आयोजना गर्ने निर्णय गरियो ।

**कार्यक्रम**

मिति :– २०७१ साल, भाद्र ५ गते
समय :– विहान ११.०० बजे
स्थान :– सभागृह, सि.न.पा. वार्ड नं. १३

**निर्णय नं. ३(तिन)**

सिद्धार्थनगर नगरपालिकाले आ.ब. २०७०/७१ मा तर्जुमा गरेको विकास नीति योजना तथा कार्यक्रम आयोजना एवम नगरपालिकाबाट प्रवाहित सेवाले आर्थिक तथा सामाजिक क्षेत्रमा गरेको योगदानको समग्र लेखा जोखा विश्लेषण र मूल्याङ्कन गरी निर्देशिकामा व्यवस्था भए अनुसारको सामाजिक परीक्षण कार्यक्रम देहाय बमोजिम आयोजना गर्ने निर्णय गरियो ।

**कार्यक्रम**

मिति :– २०७१ साल, भाद्र ५ गते
समय :– विहान ११.०० बजे
स्थान :– सभागृह, सि.न.पा. वार्ड नं. १३



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ४(चार)**

सिद्धार्थनगर नगरपालिकामा निम्नानुसारको सदस्यहरु रहने गरी नगरस्तरिय प्रकोप पूर्व तयारी उप- समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | | |
|---|---|---|
| १. प्रमुख/कार्यकारी अधिकृत, सि.न.पा. | – | संयोजक |
| २. वडा नागरिक मन्चका संयोजकहरु | – | सदस्य |
| ३. प्रकोप क्षेत्रमा कार्यरत संघ संस्था(रेडक्रस) | – | सदस्य |
| ४. स्थानीय सरकारी सेवा प्रदायक संस्थाका प्रमुख | – | सदस्य |
| ५. सेवारत सुरक्षा निकाय(वडा स्तरिय) प्रमुख | – | सदस्य |

**निर्णय नं. ५(पाँच)**

बोलपत्र खोल्ने बैठकमा आउने प्रतिनीधि न.पा. बाट गठित विभिन्न उप समितिका प्रतिनीधि सदस्य, सुपरीवेक्षण तथा अनुगमन समितिका सदस्यहरु लगायत विभिन्न समिति तथा उप समितिको बैठकमा आउने प्रतिनीधि सदस्यहरुलाई प्रति वैठक प्रति सदस्य रु ३००। तिन सय परिवहन तथा खाजा खर्च वापत दिने निर्णय गरियो ।

**निर्णय नं. ६(छ)**

आ.ब. २०६९/७० को जिन्सी निरिक्षण फारमको प्रतिवेदन अनुसार कार्यालयमा रहेका पुराना सवारी साधन ( ट्रेक्टर-१, दमकल-१, जेनेरेटर १, मोटरसाईकल थान -४) लिलाम गर्न स्था.नि.(आ.प्र.) नियमावली २०६४ बमोजिम मूल्याँङ्कन गरी पेश भएका प्रतिवेदन अनुसार उल्लेखित सवारी साधनहरु निमायनुसार सूचना प्रकाशन गरी लिलाम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७(सात)**

नेपाल सरकारको निर्णयानुसार मिति २०७१।४।१ देखि लागु हुने गरी स्वीकृत गरेको नयाँ तलवमान ग्रेड र स्थानीय भत्ता नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई सोही मिति देखि लागु हुने गरी नगरपरिषदबाट अनुमोदन गराउने गरी दिने निर्णय गरियो ।

**निर्णय नं. ८ (आठ)**

यस नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई शुरु तलवमानको २० प्रतिशत अतिरिक्त भत्ता दिई आएकोमा हाल वृद्धि भएको नयाँ तलवमान अनुसार २०७१।४।१ गते देखि लागु हुने गरी आगामी परिषदबाट अनोदन गर्ने गरी २० प्रतिशतका दरले नै अतिरिक्त भत्ता दिने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

# सिद्धार्थनगर नगरपालिका कार्यालय

## सिद्धार्थनगर, रुपन्देही


**निर्णय नं. ९(नौ)**

सिद्धार्थनगर नगरपालिकाको क्षतीपूर्ति सहितको नागरिक वडापत्र मिति २०७१ साल भाद्र १ गते देखि लागु हुने गरी, मिति २०७१ साल श्रावण ३० गते शुक्रवार पत्रकार सम्मेलन गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०(दश)**

पत्रकार सम्मेलनमा आउने पत्रकारलाई आतेजाते परिवाहन तथा खाजा खर्च वापतको प्रति व्यक्ति रु ५००।- (पाँच सय) दिने निर्णय गरियो ।




**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**

फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५

e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np